का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ फागुन २०८२
आइतबार
1 March 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ई-पेपर हेर्न्
वर्ष २४, अंक ३८ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com




## इरानमाथि अमेरिका–इजरायल हमला

# विश्व तरंगित

**जीवन शर्मा**–*काठमाडौं*, **तिलु शर्मा पौडेल**–*कतार*, **अञ्जान गुभाजु**–*साउदी अरब*, **पूर्ण लामा**–*युएई* र **तिलक मल्ल**–*कुवेत/ मध्यान्ह*

इजरायल र अमेरिकाले संयुक्तरूपमा शनिबार इरानको राजधानी तेहरानलगायत विभिन्न शहरहरूमा गरेको आक्रमणपछि विश्वभर शान्ति खलबलिने त्रास बढेको छ । इरानाका आणविक उत्पादन क्षेत्रमा अमेरिका-इजरायलको आक्रमणपछि इरानले प्रतिआक्रमण गरेसँगै तनावको स्थिति बढेको हो ।

इजरायल र इरानबीच दशकौंदेखि रहँदै आएको वैमनस्यता आक्रमणको मूल कारण मानिएको छ । तेहरान आक्रमणपश्चात मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित प्रतिआक्रमण गरेको बीबीसीलगायत सञ्चारमाध्यामहरूले जनाएका छन् । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमा इजरायलले गरेको आक्रमणमा आफ्नो संलग्नता रहेको बताएका छन् ।

ट्रुथ सोसलमा सार्वजनिक भिडियोमा ट्रम्पले इरानमा अमेरिकाले 'ठुलो युद्ध अभियान' सुरु गरेको दाबी गरेका छन् ।

'हामीले सम्झौता गर्न बारम्बार प्रयास गर्‍यौं', उनले भनेका छन्, 'हामी उनीहरूको क्षेप्यास्त्र नष्ट गर्नेछौं र मिसाइल उद्योगलाई माटोमा मिलाइदिने छौं ।'

मध्यपूर्वभरी इजरेलविरुद्ध सक्रिय कतिपय सशस्त्र समूहहरूलाई इरानले समर्थन गर्दै आएको थियो । पृष्ठ २ मा





परिस्थितिबारे सुसूचित रही सुरक्षा सतर्कता अपनाउनुहुन सम्बन्धित देशमा रहनुभएका सम्पूर्ण नेपालीमा अनुरोध गर्दछु । सुरक्षा नियमहरूको पूर्ण पालना गर्नुहोला र अत्यावश्यक कामबाहेक सुरक्षित स्थानमै रहनुहोला ।

**गगन थापा**
**सभापति, नेपाली कांग्रेस**



मध्यपूर्वमा पछिल्लो पटक देखिएको तनावले हामीलाई चिन्तित तुल्याएको छ । त्यहाँ रहेका नेपाली दूतावास र नेपाल सरकारलाई नेपाली नागरिकको सुरक्षामा अविलम्ब परिचालित हुन अनुरोध गर्दछु ।

**केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**



मध्यपुर्वी एसियाका विभिन्न देशमा बसोबास गर्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सतर्कताका लागि विशेष अनुरोध छ ।

**बालेन्द्र शाह (बालेन)**
**वरिष्ठ नेता, रास्वपा**

## नेपाल पनि प्रभावित

इजरायल-इरान द्वन्द्वपछि तनावपूर्ण बनेको मध्यपूर्व क्षेत्रमा विकसित पछिल्लो परिस्थितिप्रति नेपालमा समेत चिन्ता बढेको छ । खासगरी ती मुलुकमा बसोबास गर्ने नेपाली नागरिकको अवस्थाप्रति नेपाल सरकार र राजनीतिक दलहरूले ध्यान केन्द्रित गरेका हुन् ।

नेपाल सरकारले विदेशस्थित विभिन्न द्वन्द्वग्रस्त मुलुकमा रहेका नेपालीहरूलाई सुरक्षित रहन अपिल गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ । नेपाली कांग्रेसका सभापति गगन थापाले उक्त पृष्ठ २ मा

## नेपालबाट ७ देशमा हवाई उडान रद्द

नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विभिन्न सात वटा अन्तर्राष्ट्रिय विमानस्थलको हवाई उडान प्रतिबन्ध लगाइएको छ ।

सारजहा, दोहा, दुबई, कुवेत सिटी, अबुधाबी, कतार तथा दमाम विमानस्थलमा हवाई उडानमा प्रतिबन्ध लगाइएका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने विभिन्न सात वटा देशको उडान रद्द गरिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक टेकनाथ सिटौलाले जानकारी दिए ।

'सारजहा, दोहा, दुबई, कुवेतसिटी, अबुधाबी, कतार र कतार विमानस्थलमा पृष्ठ २ मा

## अशान्ति फैलन नदिन विश्वप्यापी अपिल

विश्वका विभिन्न मुलुकहरूले पछिल्ला घाटनालाई क्षेत्रीय आक्रमणका रूपमा लिँदै अशान्ति फैलन नदिन आग्रह गरेका छन् ।

अमेरिका-इजरायल संयुक्त आक्रमणको जवाफमा इरानले अनेकौं खाडी मुलुकमा रहेका अमेरिकी सैन्य अखडाहरूलाई निशाना बनाएसँगै युद्धले क्षेत्रीय रूप लिएको भन्दै विश्लेषकहरूले चिन्ता व्यक्त गरेका छन् ।

इरानले अमेरिकी सैन्य अखडा रहेका बहराइन, कुवेत, कतार, युएई, साउदी अरबलगायतका मुलुकमा क्षेप्यास्त्र प्रहार गरेको हो ।

यो युद्धको प्रभावस्वरूप विश्वभरका एयरलाइन्सहरूले सो क्षेत्रको उडान रद्द गरेका छन् । विश्वकै आर्थिक गतिविधि, वित्तीय बजार, लगानीको पृष्ठ २ मा

# चुनावले उत्साहित बहिरा नागरिक

## राजनीतिक दल र उम्मेदवारहरूको चुनावी घोषणापत्रप्रति भने असन्तुष्ट

मतदानको दिन नजिकिँदै जाँदा फरक क्षमता भएका नागरिकहरु सामूहिक छलफलमा छन् । राजनीतिक दल र उम्मेदवारहरुको चुनावी घोषणापत्र अध्ययन गरिरहेका उनीहरु थप प्रतिबद्धता लिएर मतदान गर्दैछन् ।



*केन्द्रीय बहिरा विद्यालय, नक्साल काठमाडौंमा शनिबार मतदान गर्न सिक्दै बहिरा नागरिक ।* ***तस्बिर :मध्यान्ह***

**सन्दिप वि.क/ मध्यान्ह**
काठमाडौं, १६ फागुन

उदयपुरकी २१ वर्षीया इन्द्रकुमारी मगर कान सुन्न सक्दिनन् । उनी पहिलो पटक प्रतिनिधि सभा निर्वाचनमा मतदानान भाग लिँदैछिन् । मतदान यही फागुन २१ गते हुँदैछ । 'पहिलो पटक भोट हाल्न पाउँदा खुसी छु' उनी भन्छिन्, 'अब आफूलाई मन परेको उम्मेदवार छान्नेछु ।'

चुनावले उत्साही इन्द्रकुमारी राजनीतिक दल र उम्मेदवारहरुको चुनावी घोषणापत्रप्रति भने असन्तुष्ट छिन । दलहरूले जे जस्ता नीति र योजना ल्याउनुपर्ने थियो त्यति नल्याएको वा कम ध्यान दिएको उनको भनाइ छ । उनी भन्छिन्, 'बहिरा महिलाहरूको अवस्था झन् चुनौतीपूर्ण छ, शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक सहभागितामा हाम्रो सहभागीता न्यून छ ।'

उनी राजनीतिक दलहरुले चुनाव जितेपछि बहिरा समुदायका लागि सांकेतिक भाषाको संस्थागत व्यवस्था, स्वास्थ्य र न्याय क्षेत्रमा पहुँचयोग्य सेवा, र महिला सशक्तीकरणका कार्यक्रम अनिवार्य गर्नुपर्ने बताउँछिन् ।

इन्द्रकुमारीजस्तै काठमाडौं महानगरपालिका वडा नं.४ का राजकुमार महर्जन पनि कान सुन्दैनन् । ३४ वर्षीय राजकुमार पहिलो पटक मतदान गर्दैछन् ।

उनी भन्छन्,'एकपटक मतदान केन्द्रमा गएँ । नागरिकता देखाएँ तर मतदाता सूचीमा नाम भेटिएन । दोभाषे पनि थिएनन् । मतदाता परिचयपत्र चाहिन्छ भन्ने कुरा पृष्ठ २ मा



बहिरा समुदायले आफ्ना मागहरु समेटिएको लिखित मागपत्र ६ वटा प्रमुख राजनीतिक दलका कार्यालयमा बुझाएको थियो ।

**सन्तोष केसी**
**अध्यक्ष, राष्ट्रिय बहिरा महासंघ नेपाल**

### 'राजनीतिक दलले हाम्रा माग समेटेनन्'

राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष के.सी बहिरा समुदायका मागहरू राजनीतिक दलका घोषणापत्रमा स्पष्ट रूपमा नसमेटिएकोप्रति असन्तोष व्यक्त गर्छन् ।

अध्यक्ष केसीका अनुसार बहिरा समुदायले आफ्ना मागहरू समेटिएको लिखित मागपत्र ६ वटा प्रमुख राजनीतिक दलका कार्यालयमा बुझाएको थियो । तर ती मागहरू दलहरूको घोषणापत्रमा स्पष्ट रूपमा समावेश भएनन् ।

उनले केही दलले अपांगता समावेशी विकासका विषय उल्लेख गरे पनि बहिरा समुदायका विशिष्ट मागहरू छुटाएको बताए ।

उनले भने, 'नेपाली कांग्रेसले सांकेतिक भाषासम्बन्धी विषय समेटेको जस्तो पृष्ठ २ मा

# लालपुर्जा दिनेलाई भूमिहीनको भोट

## मुक्त कमलरीमा छैन चुनावी उत्साह

भूमिको असमान वितरणले सिर्जना गरेको असमानता अन्त्य गर्नेलगायतका उद्देश्यसहित नेपालमा प्रजातन्त्र आएको ७५ वर्ष भयो । भूमिहीन किसानको संलग्नताले २००७ सालमा राणा शासन ढल्यो । तर अझैसम्म कैयौं नागरिक राज्यसँग लालपुर्जाकै आस गरिरहेका छन् ।




**सपना बोहरा/ मध्यान्ह**
काठमाडौं, १६ फागुन

हरेक निर्वाचनमा दाङको घोराही उपमहानगरपालिका वडा नं. १४ को बस्तीमा छुट्टै माहोल हुन्छ । यसका दुई कारण छन् । पहिलो यस क्षेत्रका भूमिहीन सुकुम्वासी भूमि पाउने आसमा दल र उम्मेदवारलाई भेट्न लालायित हुन्छन् । दोस्रो उम्मेदवारहरू पनि लालपुर्जा दिलाउने विश्वास दिलाएर भोट एकमुष्ट भोट लिने प्रयासमा रहन्छन् । यसकारण यो क्षेत्रका मतदाता भेट्न उम्मेदवारहरूको तछाड/मछाड हुन्छ । निर्णायक मतको रूपमा ति मतदाता हुन्- भूमिहीन सुकुम्वासी र मुक्त कमलरी । जसलाई आश्वासन दिन, फकाउन सजिलो र एकमुष्ट भोट पाउन सहज हुने विश्वास कतिपयको छ । दाङमा १६ हजार बढी भूमिहीन सुकुम्वासी छन् । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# त्रासमा खाडी मुलुकका नेपाली कामदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन

संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि क्षेप्यास्त्र आक्रमण गरेपछि लाखौं नेपाली कार्यरत रहेको मध्यपूर्वमा असुरक्षा बढेको छ । तनाव कति लामो समयसम्म रहने हो एकिन नभए पनि कतारले दोहा विमानस्थल तत्कालका लागि बन्द गर्ने निर्णय गरेपछि शनिबार उडान रोकिएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

विमानस्थलका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार कतार विमानस्थल बन्द भएपछि त्यहाँबाट नेपाल आउने र नेपालबाट जाने उडान बन्द भएका छन् । कतारले दैनिक तीन वटा दोहा-काठमाडौं उडान गर्दै आएको छ । यसबाहेक नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्सले पनि दोहाका लागि उडान गर्दै आएका छन् ।

शनिबार सिंगो मध्यपूर्वको आकाश खाली गराइएको छ । हजारौं यात्रु बिचल्लीमा परेका छन् । दुबईस्थित विश्वकै सबैभन्दा व्यस्तमध्ये पर्ने अल मक्तूम विमानस्थल समेत बन्द गरिएको छ ।

खाडीका ७ मुलुकमा १९ लाखभन्दा बढी नेपाली कार्यरत रहेका छन् । गत वर्ष मात्रै त्यस क्षेत्रमा सवा ५ लाखभन्दा बढी नेपाली रोजगारीका लागि वैधानिक रूपमा गएका छन् । भिजिट भिसामा गएका ठुलो संख्याका नेपाली अवैधानिक रूपमा युएई, साउदी अरेबिया, कतार, कुवेत, बहराइन र ओमान जस्ता खाडी देशमा रहेका छन् । द्वन्द्व चर्किएमा ठुलो संख्यामा नेपाली बिचल्लीमा पर्ने, रोजगारी गुमाउने र नेपाली अर्थतन्त्रको प्रमुख आधार रेमिट्यान्स प्रभावित हुने खतरा रहेको छ ।

नेपाल सरकारले अवस्था सामान्य नहुँदासम्म नेपाली नागरिकहरूलाई इजरायल र इरानको यात्रा नगर्न आह्वान गरेको छ । परराष्ट्र मन्त्रालयले शनिबार एड्भाइजरी जारी गर्दै उक्त सुझाव दिएको हो । कतारले आपतकालीन पृष्ठ २ मा



**विश्व...**
गत वर्षको जुनमा इजरायलले अकस्मात् हमला गर्दै इरानको सैन्य तथा परमाणुस्थलहरूमा बमबारी गरेको थियो। त्यसबेला वरिष्ठ सैन्य अधिकारी तथा परमाणु वैज्ञानिकहरूलाई मारिदिएको थियो । प्रतिक्रियास्वरूप इरानले इजरायलतर्फ सयौँ क्षेप्यास्त्र तथा ड्रोनले आक्रमण गरेको थियो । उक्त आक्रमणको आठ महिनापछि फेरि द्विपक्षिय युद्ध चर्किएको हो । यो घटनाले विश्वराजनीतिमा तरंग ल्याइदिएको छ । अमेरिकाको मुख्य सहयोगमा गरिएको आक्रमणपछि इरानले अमेरिकी सेना भएको क्याम्पहरू लक्षित आक्रमण बढाउने नीति लिएको छ । सो क्रममा आबुधावीको अल दाफ्रामा रहेको अमेरिकन बेस क्यापमा इरानले ड्रोन मिसाल प्रहार गरी आक्रमण गरेको विभिन्न अर्न्तराष्ट्रिय सञ्चारमाध्यामहरूले जनाएका छन् । अमेरिकाले इरानका आणविक उत्पादन क्षेत्रमा आक्रमण सुरु गरेकाले त्यसको जवाफी कारबाही स्वरूप मध्यपूर्वका अमेरिकन बेस क्याम्पहरुमा आक्रमण सुरु गरेको हो ।

**नेपाल...**
क्षेत्रमा विभिन्न देशहरूमा कार्यरत तथा बसोबास गरिरहेका नेपाली नागरिकहरूको सुरक्षा अवस्था झनै संवेदनशील बनेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।

उनले भनेका छन्, 'यो परिस्थितिबारे सुसूचित रही सुरक्षा सतर्कता अपनाउनुहुन सम्पूर्ण नेपाली दिदी बहिनी दाजुभाइमा अनुरोध गर्दछु। सुरक्षा नियमहरूको पूर्ण पालना गर्नुहोला र अत्यावश्यक कामबाहेक सुरक्षित स्थानमै रहनुहोला। आफ्नो ख्याल गर्नुहोला ।' पूर्व प्रधानमन्त्री समेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले फेसबुकमार्फत चिन्ता व्यक्त गर्दै युएई, इजरायल, इरानलगायत मध्यपूर्वी देशहरूमा रहेका नेपालीहरूलाई सुरक्षित र सजग रहन आह्वान गरेका छन् । 'मध्यपूर्वमा पछिल्लो पटक देखिएको तनावले हामीलाई चिन्तित तुल्याएको छ,' ओलीले लेखेका छन्, 'त्यहाँ रहेका नेपाली दुतावास र नेपाल सरकारलाई नेपाली नागरिकको सुरक्षामा अविलम्ब परिचालित हुन अनुरोध गर्दछु ।' नेपाली कम्युनिस्ट पार्टी, रास्वपालगायत दल र नेताहरूले समेत यो घटनाप्रति चिन्तासहितको चासो व्यक्त गरेका छन् । रास्वपाका बरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले पनि सामाजिक सञ्जमलकम लेखेका छन्, 'मध्यपुर्वी एसियाका बिभिन्न देशमा बसोबास गर्नुहुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा विशेष अनुरोध छ ।'

**नेपालबाट...**
हवाई उडानमा प्रतिबन्ध लगाइएकाले नेपालबाट दिउँसो र राति हुने सबै उडान रद्द गरिएका छन् ।

**अशान्ति...**
क्षेत्र र मानिसहरुको आवतजावतको केन्द्रका रुपमा रहेका खाडी मुलुकहरूमा नेपाल सहित अन्य देशका करोडौं कामदार कार्यरत छन् । इरानको यो कदमले भूराजनीतिक रुपमा ठूलो प्रभाव निम्त्याउने विश्लेषकहरू बताउँछन् । इरान र संयुक्त राज्य अमेरिकाबीच परमाणु हतियारसम्बन्धी चलिरहेको वार्ताका क्रममा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि आक्रमण गर्ने चेतावनी दिएका थिए ।

**चुनावले...**
स्पष्ट जानकारी थिएन ।' यसपटक भने मतदान गर्न पाउँदा उत्साह लागेको उनी बताउँछन् । उनी भन्छन्, 'पहिलो पटक भोट हाल्न पाउँदा अलिकति ' इन्ट्रेस्ट' उत्सुकता बढेको छ । आफ्नो क्षेत्रमा राम्रो उम्मेदवार जिताएर पठाउँदा हाम्रो समुदायिमा पनि केही होला भन्ने आशा लागेको छ ।,'

**माग पूरा गर्नुपर्ने सर्त**
महर्जनका अनुसार निर्वाचनमा जितेर जाने उम्मेदवारले बहिरा समुदायका लागि सामाजिक सुरक्षा, शिक्षा, रोजगारी, स्वास्थ्यमा पहुँच र दोभाषे व्यवस्था गर्नुपर्छ । उनी भन्छन्, 'हामी पनि सक्रिय हुनुपर्छ । उम्मेदवार भोट माग्न आउँदा हाम्रो मुद्दा स्पष्ट राख्नुपर्छ । प्रतिबद्धता जनाए मात्र भोट दिनुपर्छ ।,' अर्थात्, भो चाहिए माग पूरा गर्नेपर्ने प्रतिबद्धता जनाउनुपर्ने उनीहरूको सर्त छ ।

बहिरा समुदायको प्रत्यक्ष राजनीतिक सहभागिता अझै न्यून हुनु दुखद पक्ष रहेको उनी बताउँछन् । उनी भन्छन्, 'हामी बाहिरबाट मात्र हेर्ने होइन, राजनीतिमै सहभागी हुन आवश्यक छ ।' इन्द्र कुमारी, राजकुमार महर्जन जस्ता धेरै बहिरा युवायुवतीहरू पहिलो पटक मताधिकार प्रयोग गर्दैछन् ।

सरकारी जनगणनाअनुसार नेपालमा करिब १ लाख २ हजार बहिरा व्यक्तिहरू रहेको उल्लेख छ । तर नेपाल बहिरा महासंघको अनुमानअनुसार वास्तविक संख्या करिब ३ लाख हाराहारीमा छ । मतदाताको संख्या ६० देखि ७० हजारको बीचमा हुन सक्ने संघको आंकलन छ । राष्ट्रिय बहिरा महासंघ नेपाल बागमती प्रदेश समितिका अध्यक्ष तथा काठमाडौं बहिरा संघका महासचिव कृष्ण गजुरेल चुनाव नजिकिँदै गर्दा देशभरका बहिरा मतदाता उत्साहपूर्वक सहभागिताका लागि तयारी अवस्थामा रहेको बताउँछन् । तर दोभाषे अभावका कारण धेरै बहिरा मतदाताले उम्मेदवारका एजेन्डा, दलका घोषणापत्र र निर्वाचन प्रक्रियाबारे पूर्णजानकारी पाउन नसकेको उनको भनाइ छ ।

**खोज्दै अधिकार**
गजुरेल अपांगता भएका व्यक्तिहरूका लागि कानुनमा व्यवस्था गरिएका अल्पसंख्यक कोटा र अधिकारबारे पर्याप्त प्रचार-प्रसार नभएको उनी बताउँछन् । उनी भन्छन्,'राज्यले राजनीतिक पहुँच भएकालाई प्राथमिकता दिन्छ, हामी जस्ता समूहलाई पर्याप्त स्थान दिएको महसुस हुँदैन ।'बहिरा समुदायलाई सुझाव दिँदै गजुरेल थप्छन्, 'हामीले त्यस्ता उम्मेदवार रोज्नुपर्छ जसले हाम्रो आवाज सुन्छ, हाम्रो सवाल चिन्छ र हाम्रो अधिकारलाई घोषणापत्रमा मात्र होइन, व्यवहारमा पनि लागू गर्न प्रतिबद्ध हुन्छ ।'नीतिगत व्यवस्थाहरुमा कतिपय बहिरा समुदायका सवालहरु समावेश भएर पनि व्यवहारिक रुपमा कार्यान्वयन नहुँदा बहिरा समुदायले सो अधिकार उपभोग गर्न पाएका छैनन् ।

कैयौं कानुन तथा नीतिहरु विभेदकारी छन्, बहिरा समुदायका सवाल समावेश गर्न बाँकी नै छन् । सरकारका नीति, कार्यक्रम तथा बजेट निर्माणमा बहिरा समुदायको प्रतिनिधित्व हुन र सवाल सम्बोधन सकेको छैन ।

**राजनीतिक...**
देखिए पनि अन्य दलहरूले स्पष्ट प्रतिबद्धता जनाएको छैन ।' बहिरा समुदायले देशभरका जिल्ला तथा प्रदेशस्तरका संघहरूमार्फत आफ्ना मागहरूको सूची समुदायमा वितरण गरिसकेको छ । उम्मेदवारहरू भोट माग्न घरदैलोमा जाँदा ती मागहरू देखाई स्पष्ट प्रतिबद्धता लिएर मात्र समर्थन गर्न आग्रह गरिएको अध्यक्ष केसी बताउँछन् । बहिरा समुदायले शिक्षा, रोजगारी, सरकारी सेवा, सांकेतिक भाषाको कानुनी मान्यता तथा पहुँचयुक्त सूचना प्रणालीजस्ता विषयलाई प्राथमिकतामा राख्न राजनीतिक दलसँग माग गरेको उनको भनाइ छ ।

**लालपुर्जा...**
चार हजारको हाराहारीमा मुक्त कमैयाहरू छन् । जसलाई सामूहिक आश्वासन दिएर सामूहिक भोटको रूपमा उम्मेदवारहरूले प्रयोग हुँदै आएका छन् । अरुबेला मतलब नगर्ने नेता र उम्मेदवारहरू निर्वाचनका बेला ति बस्तीमा पुग्छन् । भूमिहीन सुकुम्वासीहरूले पनि विगतमा छलफल गरेर एकमुष्ट मतदान गरेर उम्मेदवार जिताउँदै आएका छन् ।

भूमिको असमान वितरणले सिर्जना गरेको असमानता अन्त्य गर्नेलगायतका उद्देश्यसहित नेपालमा प्रजातन्त्र आएको ७५ वर्ष भयो । भूमिहीन किसानको संलग्नताले २००७ सालमा राणा शासन ढल्यो । तर अझैसम्म कैयौं नागरिकहरू राज्यसँग लालपुर्जाकै आस गरिरहेका छन् ।

**धमाधम प्रतिबद्धता जनाउँदै दलहरू**
भूमिहीन सुकुम्वासी र मुक्त कमलरी रहेका क्षेत्रमा पुगेर यसपटक पनि उम्मेदवारहरूले धमाधम प्रतिबद्धता जनाउँदैछन् । उम्मेदवारहरूले माग पूरा गर्ने प्रतिबद्धता जनाइरहेको गरेका गुठी पीडित मोही किसान संघर्ष समितिका लालबहादुर चौधरीले बताए । 'नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवारहरू आएर माग पूरा गर्छौं भनेर लिखित प्रतिबद्धता जनाएका छन्,' उनले भने, 'अन्य दलले भने मौखिक प्रतिबद्धता जनाएका छन् ।' विगतमा चुनावको मौन अवधि लागू हुनुपूर्व भूमिहीन पीडितहरू सामूहिक रूपमा छलफल गरेर एकमुष्ट मत दिएर जिताउने गरी छलफलमा जुट्ने गरेका छन् ।

'विगतमा पनि हामीले धेरै उम्मेदवारहरूलाई जिताएर पठायौं, हाम्रा माग पूरा भएनन्,' उनले भने, 'यस पटक पनि हामीले उम्मेदवारसँग स्पष्ट छलफल गरेर मत दिने पक्षमा छौं ।' उनका अनुसार बस्तीमा भूमिहीन पीडितहरू भेला हुने छलफल गर्ने काम सुरु भइसकेको छ ।

'राजनीतिक दलहरू निर्णयक मत आउने भन्दै मत माग्न आउँछन्,' उनले भने, 'हाम्रो माग भने पूरा भएको छैन । भोट बैंकको रूपमा प्रयोग हुँदै आएका छौं जस्तो लाग्छ ।' पहिले पनि निर्णायक मत दिएर जिताएपनि मोही पीडितहरूका लागि प्रतिनिधिहरूले काम नगरेको उनीहरूको दुखेसो छ ।

यसअघि यस क्षेत्रबाट बलदेव मज्गैयाँ, शिवराज गौतम, शंकर पोखरेल, राजु खनाल, कृष्णकिशोर घिमिरे, मेटमणि चौधरी, रेखा शर्माले चुनाव जितिसकेका छन् ।

दाङ निर्वाचन क्षेत्र नं. १ मा ८ हजार मोही किसान छन् । दाङ निर्वाचन क्षेत्र नं. २ मा १ हजार हाराहारीमा मोही किसान रहेका छन् । निर्वाचन श्रेत्र नं. ३ मा पनि मोही किसान छन् । गुठी पीडित मोही किसान संघर्ष समितिका सहसचिव प्रविण दहितका अनुसार त्यसबाहेक अन्य मोही किसान, भूमिहीन सुकुम्वासीको संख्या दाङमा १६ हजार छ । स्वर्गद्वारी आश्रमको जग्गा भोगचलन गर्दै आएका किसान गुठीसम्बन्धी कानुन परिमार्जनलगायत माग राख्दै आएका छन् ।

**मुक्त कमलरीमा छैन चुनावी उत्साह**
विगतका निर्वाचनमा दाङका मुक्त कमलहरीहरूले विभिन्न पार्टीका उम्मेदवारहरूसँग आफ्ना मागका विषयमा छलफल गर्थे । प्राय उम्मेदवारहरू कमलरीको घर-घरमा पुगेर भोट दिन आग्रह गर्थे । कम्लहरीको माग पूरा गर्ने आश्वासन पनि दिन्थे । तर निर्वाचित भएपछि प्रतिनिधिहरू मुक्त कमैयाको बस्तीमा नफर्किएको उनीहरूको दुखेसो छ । यस कारण यस पटकको निर्वाचनमा भने मुक्त कमलरीको निराश छन् । माग पूरा होलान् भन्ने आशामा पनि छैनन् । उम्मेदवारहरूसँग छलफलमा पनि गरेका छैनन् ।

मुक्त कमलरी विकास मञ्चका अनुसार दाङमा ३ हजार ६ सय ५८ जना मुक्त कमलरीहरू छन् । मञ्चमा आबद्ध नभएका त्यसबाहेक अन्य पनि रहेको मञ्चकी अध्यक्ष सुनिता कुमारी थारु बताउँछिन् ।

'विगतका निर्वाचनमा हामीले उम्मेदवारहरूसँग सामूहिक छालफल गरेर मतदान गर्‍यौं, उहाँहरूले जित्नु पनि भयो,' उनले भनिन्, 'हाम्रा समस्या ज्यूँका त्यूँ छन्, त्यति उत्साह छैन ।' यस पटकको निर्वाचनमा उम्मेदवारहरू माग पूरा गर्ने आश्वासन दिएपनि त्यति विश्वास नभएको उनी बताउँछिन् । 'राजनीति दलहरूले हामीलाई भोटका लागि मात्रै प्रयोग गर्दै आए, हाम्रा पीडा उस्तै छन्,' उनले भनिन् ,'यस पटकको निर्वाचनमा हामी सामूहिक छलफल गरेका छैनौं, स्वतस्फूर्त जसलाई मन लाग्छ, त्यसैलाई मतदान गर्ने पक्षमा छौं ।' मुक्त कमैयाहरूले पहिचानसँगै पुनर्स्थापना, शिक्षा रोजगारीलगायतका माग राख्दै आएका छन् ।

**त्रासमा...**
सूचना जारी गर्दै अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन स्थानीय नागरिक र आप्रवासी कामदारलाई आग्रह गरेको छ । बहराइनस्थित नेपाली दूतावासले त्यहाँ रहेका नेपालीलाई आफ्नो सुरक्षाका लागि बहराइन सरकारको एप डाउनलोड गरी 'साइरन अलर्ट' सक्रिय बनाउन अनुरोध गरेको छ । दूतावासले शनिबार एक सूचना जारी गर्दै त्यहाँ रहेका नेपालीलाई आवश्यक सतर्कता अपनाउन पनि भनेको छ ।

कतार, बहराइन, साउदी अरब, कुवेत र अबुधाबी लगायतका ठाउँहरूमा लगातार विस्फोट भइरहेको कतारस्थित खाडी क्षेत्रको प्रमुख सञ्चारसंस्था अलजजिराले जनाएको छ । कतारमा उक्त क्षेत्रकै सबैभन्दा ठूलो अमेरिकी सैन्य अखडा अल उदैद हवाई अखडा रहेको छ । त्यहाँ इरानी आक्रमणको त्रास बढेको छ । उता इजरायलमा मानिसहरू बंकरमा लुकेर आफ्नो सुरक्षाका लागि प्रार्थना गरिरहेका छन् । बीबीसीका अनुसार कतारको आन्तरिक मामिला मन्त्रालयले शनिबार साँझसम्म मानवीय क्षति नभएको जनाएको छ । मानिसहरूको फोनमा घरभित्रै रहन आपतकालीन सन्देशहरू आइरहेका छन् । युएईको सरकारी सञ्चार माध्यमका अनुसार इरानी क्षेप्यास्त्रहरू प्रतिरोध गरिएपछि खसेका टुक्राटाक्री लागेर एकजनाको ज्यान गएको छ । त्यहाँको रक्षा मन्त्रालयले ती व्यक्ति एसियाली मूलका भएको बताए पनि परिचय खुलाएको छैन । अमेरिकाले इराकमाथि गरेको आक्रमणको बदलामा बहराइन, कतार, दुबई र कुवेतमा रहेका अमेरिकी सैनिक अखडाहरू निशानामा परेका छन् । त्यस्तै, कतारस्थित अमेरिकी सैनिक अड्डालाई लक्षित गरी मिसाइल प्रहार गरिएको छ । कुवेतमा समेत इरानले आक्रमण गरेको छ ।

---

**Bardagoriya Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Bardagoriya Project Implementation Unit**
**Muda, Kailali**

**Letter of Intent (LOI)**

**Date of publication: 1st March, 2026**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID | Project Name, Location | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1. | NP-DWSSM-511352-CW-RFB | Construction of Laxmi Water Supply Project in Bardagoriya Rural Municipality, Kailali. | Pashupati-Jayashree Joint Venture, Bharatpur-11, Chitwan. | 13,26,82,233.90 |

**Project Manager**

---

# Invitation for Bids

## Government of Nepal (GoN)
## Hima Rural Municipality
**Jumla**

**Date of 1st publication: 2026-03-01 AD, 2082/11/17 BS**

1. Hima Rural Municipality, Jumla invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of following work under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Hima Rural Municipality, Jumla, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra. gov.np/egp.
3. Bidder should submit their bid electronically should download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Nepal Investment Mega Bank Ltd.**
   **Name of Office: Hima Rural Municipality**
   **Office Code no: 80662507300**
   **Office Account no: 07401400250030**
   **Rajaswa (revenue) Shirshak no.: 14229**
4. Pre-bid meeting shall be held at Hima Rural Municipality, Jumla, Karnali province Nepal at **22-03-2026 on 13:00 Hours**.
5. Electronic bids must be submitted to the office of the Hima Rural Municipality, Jumla, through PPMO website www. bolpatra.gov.np/egp on or before **31-03-2026 on 12:00 Hours**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **31-03-2026 on 13:00 Hours.** at the office of Hima Rural Municipality.
7. Bids must be **valid for a period of 90** days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for **30 days beyond the validity period** of the bid. Information to deposit the cost of Bid Security in Bank:
   **Bank Name: Nepal Investment Mega Bank Ltd.**
   **Account Name: Hima R.M Dharauti Khata.**
   **Account Number: 07401400250047.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Description Of Work | Contract Identification No. (IFB No.) | Estimate Amount (Exclusive of Vat & Cont.) (NRs.) | Bid Security Amount(NRs.) | Bid Fee Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Kalika Secondary School Tali kudu Building construction. | HRM/ NCB/W/2082/83/06 | ***11309854.77*** | 325000.00 | 3000.00 |
| 2 | Annapurna Secondary School Building construction. | HRM/ NCB/W/2082/83/07 | ***5641138.10*** | 160000.00 | 3000.00 |

**Chief Administrative Officer**

---

# Shikhar Municipality
# Office of Municipal Executive
**Talkot, Doti**
**Sudurpashchim Provience, Nepal**

## INVITATION FOR ELECTRONIC BIDS

**Date of publication: 2082/11/17 (2026/03/01)**

Shikhar Municipality, office of Municipal Executive Talkot, Doti invites Electronics Bids from Nepalese eligible bidders under National Competitive Bidding Procedures for the following works. Eligible Bidders may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp** for Bidding Documents.

| S.N | Contract No. | Description of Works | Estimated Cost without VAT , Including P.S | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs) | Bid Submission Deadline | Bid validity/ Bid Security Period | Bid Opening Deadline | Specific Experience Requirement |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | *SMDOTI/ NCB/W/ 10/2082/083* | *Construction Works of Nali-Simar Road. Shikhar-11 Doti* | *83,09,701.63* | *3000.00* | *2,10,000.00* | *12:00 PM on 31st March 2026* | *90 days Beond Bid Validity period.* | *13:00 PM on 31st March 2026 at Shikhar Municipality Talkot, Doti* | *National competitive Bidding procedures* |
| 2. | *SMDOTI/ NCB/W/ 11/2082/083* | *Supply, Delivery And Installation of Street Lighting System work.* | *43,40,633.70* | *3000.00* | *1,10,000.00* | | | | |
| 3. | *SMDOTI/W/SQ/ 03/2082/083* | *Construction Works of Latamandu Ma. Vi Building.* | *1,326,947.25* | *1000.00* | *33,200.00* | *12:00 PM on 16th March 2026* | *45 days Beond Bid Validity period* | *13:00 PM on 16th March 2026* | *Sealed Quotation procedures.* |

For Further information, Visit Shikhar Municipality, Office of Municipal Executive or PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# मतदातासँग हातेमालो गर्दै राजकाजी महर्जन

रामहरि कार्की / मध्यान्ह
ललितपुर, १६ फागुन



प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दलहरूले घरदैलो अभियानलाई तीव्र बनाएका छन् । निर्वाचन आयोगले चुनाव चिह्न प्रदान गरेसँगै दलहरू प्रचार-प्रसारमा सक्रिय बनेका हुन् । आगामी फागुन २१ गते हुने निर्वाचनको तयारी अन्तिम चरणमा पुग्दा उम्मेदवारहरू मतदातासँग प्रत्यक्ष संवादमा व्यस्त देखिएका छन् ।

ललितपुर क्षेत्र नं. ३ मा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार राजकाजी महर्जन यतिबेला घरदैलो अभियानमा जुटेका छन् । शनिबार उनले गोदावरी नगरपालिका वडा नं. १२ का स्थानीयबासीसँग भेटघाट गर्दै आफ्ना एजेन्डा र विकास योजनाबारे जानकारी गराए ।

**महर्जनको प्रतिबद्धताहरू**

**कला, संस्कृति र सम्पदाको संरक्षण**

महर्जनले आफ्नो क्षेत्रको मौलिक पहिचान जोगाउने प्रतिबद्धता व्यक्त गरेका छन् । प्राचीन बस्तीमा रहेका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनलाई प्राथमिकतामा राख्ने उनको योजना छ ।

**पर्यटन प्रवर्धन र स्थानीय अर्थतन्त्र**

कार्यविनायक, सिकाली चौर, बालकुमारी चौर र स्वेत बाराहीजस्ता पर्यटकीय क्षेत्रको विकासमार्फत स्थानीय अर्थतन्त्र मजबुत बनाउने महर्जनको लक्ष्य छ । सम्पदा क्षेत्रका बस्तीमा होमस्टे प्रभावकारी रूपमा सञ्चालन गरी रोजगारी सिर्जना गर्ने र धापाखेलको नागदहलाई राष्ट्रिय गौरवको कार्यक्रममा समावेश गराउने प्रतिबद्धता उनले व्यक्त गरेका छन् ।

**सडक, यातायात र पूर्वाधार विकास**

पूर्वाधार विकासलाई उनले समृद्धिको आधार मानेका छन् । कान्ति लोकपथको मापदण्ड कायम राख्न पहल गर्ने, खोकना-बुङ्मती क्षेत्रबाट सञ्चालन भएका राष्ट्रिय योजनाबाट प्रभावित समुदायको समस्या न्यायोचित ढङ्गले समाधान गर्ने उनको योजना छ । सातदोबाटो र कुपण्डोलमा फ्लाइओभर निर्माण, सडक स्तरोन्नति, सार्वजनिक यातायातको विस्तार तथा बागमती, नख्खु र कर्मनासा कोरिडोरको निर्माण सम्पन्न गर्ने प्रतिबद्धता उनले जनाएका छन् ।

**कृषि आधुनिकीकरण र आत्मनिर्भरता**

व्यवस्थित कृषि बजार र बीउबिजन केन्द्र स्थापना गर्दै आधुनिक तथा अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्ने उनको सोच छ । कृषकलाई सहज रूपमा मल उपलब्ध गराउने र प्राविधिक तालिममार्फत उत्पादन वृद्धि गर्ने योजनासमेत उनले अघि सारेका छन् ।

**खानेपानी र सिंचाइको दिगो व्यवस्थापन**

खानेपानीको दिगो व्यवस्थापन र परम्परागत सिंचाइ प्रणाली राजकुलो तथा खोकना कुलोलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने उनको प्रतिबद्धता छ । स्थानीय मुहानको संरक्षण गर्दै गाउँदेखि शहरसम्म पानीको पहुँच विस्तार गर्ने योजना उनले अघि सारेका छन् ।

**युवा, खेलकुद र रोजगारी**

युवालाई सीपमूलक तालिम, व्यावसायिक कर्जा र स्वरोजगार कार्यक्रममार्फत सशक्त बनाउने महर्जनको लक्ष्य छ । बहुउद्देश्यीय खेलकुद भवन निर्माण, युवा क्लब सुदृढीकरण र विदेशबाट फर्किएका युवाको ज्ञान-सीप उपयोग गर्ने वातावरण सिर्जना गर्ने उनले बताएका छन् ।

**महिला, बालबालिका र ज्येष्ठ नागरिकको सम्मान**

महिला समूहलाई व्यावसायिक रूपमा अघि बढाउने, बालमैत्री समुदाय निर्माण गर्ने र ज्येष्ठ नागरिकका लागि नियमित स्वास्थ्य परीक्षण तथा दिवा सेवा केन्द्र सञ्चालन गर्ने योजना उनले सार्वजनिक गरेका छन् ।

**शिक्षा र स्वास्थ्यमा गुणस्तर**

सामुदायिक विद्यालयलाई सुविधा सम्पन्न बनाउँदै गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, शिक्षक क्षमता अभिवृद्धि गर्ने र प्राविधिक शिक्षामा जोड दिने उनको प्रतिबद्धता छ । सरकारी अस्पतालको स्तरोन्नति, स्वास्थ्य बीमा प्रभावकारी कार्यान्वयन र आधारभूत स्वास्थ्य केन्द्र सुदृढीकरणमा उनले प्राथमिकता दिएका छन् ।

**वातावरण संरक्षण र हरियाली अभियान**

सफा नदी अभियान, ढल व्यवस्थापन, कोरिडोर क्षेत्रमा हरियाली पार्क निर्माण, वृक्षारोपण तथा प्राकृतिक प्रकोप न्यूनीकरणका पूर्वतयारी कार्यक्रम सञ्चालन गर्ने उनले बताएका छन् ।

**सुशासन र नीतिगत सुधार**

संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मअनुसार सुशासन कायम गर्दै भ्रष्टाचार अन्त्यका लागि सडकदेखि सदनसम्म सङ्घर्ष गर्ने उनले प्रतिबद्धता जनाएका छन् । सहकारी पीडितको समस्या समाधान, शेयर बजारमा पारदर्शिता, गोरखा भर्ती सम्झौता पुनरावलोकन तथा समुदायमा देखिएका विभेद अन्त्य गर्न पहल गर्ने उनले बताएका छन् ।

# श्रमिक आवाजको अनुभवी नेतृत्व: राजेन्द्र अर्यालको सचिवमा उम्मेदवारी

अन्जान गुभाजु / मध्यान्ह
साउदी, १६ फागुन




आगामी मार्च १४-१६ मा आयोजना हुने गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्को १२औं बृहत् एकता महाधिवेशनमा सचिव पदका लागि राजेन्द्र अर्यालले उम्मेद्वारी घोषणा गरेका छन् । मध्यपूर्व जस्तो प्रमुख श्रम गन्तव्यबाट श्रमजीवी नेपालीहरूको प्रतिनिधित्व गर्दै सुरक्षित र मर्यादित वैदेशिक रोजगारी तथा नेपालमा न्यूनतम लगानीको सुनिश्चितताको एजेन्डा अघि सार्दै उनी चुनावी मैदानमा उत्रिएका हुन् ।

अर्याल दुई कार्यकालसम्म एनआरएनएको मध्यपूर्व संयोजकको जिम्मेवारी सफलतापूर्वक सम्हालिसकेका अनुभवी नेतृत्वकर्ता हुन् । उनको कार्यकालमा मध्यपूर्वका विभिन्न देशमा रहेका नेपाली समुदायबीच संगठनात्मक एकता मजबुत बनाउने, श्रमिकका समस्यालाई केन्द्रीय तहसम्म पुऱ्याउने र उद्धार तथा सहायताका अभियानलाई प्रभावकारी बनाउने काम उल्लेखनीय रह्यो। समस्यामा परेका श्रमिकहरूको उद्धार, कानुनी परामर्श तथा जनचेतनामूलक कार्यक्रममार्फत उनले श्रमिकमैत्री अभियानलाई संस्थागत स्वरूप दिन महत्वपूर्ण भूमिका निर्वाह गरे ।

हाल साउदी अरेबियामा आफ्नै व्यवसाय सञ्चालन गरिरहेका अर्याल नेपाल सरकारद्वारा साउदी अरेबियाका लागि नियुक्त अवैतनिक पर्यटनदूतसमेत छन् । यस जिम्मेवारीमार्फत उनले नेपाल-साउदी सम्बन्धलाई जनस्तरसम्म विस्तार गर्ने, पर्यटन प्रवर्द्धन तथा आर्थिक सहकार्यका सम्भावनालाई उजागर गर्ने प्रयास गर्दै आइरहेका छन्। वैदेशिक रोजगारीलाई केवल श्रम आपूर्तिको रूपमा होइन, आर्थिक रूपान्तरणको माध्यमका रूपमा हेर्ने उनको दृष्टिकोण स्पष्ट देखिन्छ ।

श्रमिकहरूको पसिना र योगदानलाई दीर्घकालीन विकाससँग जोड्ने, सुरक्षित रोजगारी सुनिश्चित गर्ने तथा श्रमिकलाई लगानी र उद्यमशीलतामा प्रेरित गर्ने उनको योजना रहेको छ । सचिव पदमा निर्वाचित भए संगठनलाई अझ पारदर्शी, उत्तरदायी र श्रमिककेन्द्रित बनाउने प्रतिबद्धता उनले व्यक्त गरेका छन् ।

राजेन्द्र अर्यालको उम्मेद्वारी मध्यपूर्वका श्रमिक समुदायको अनुभव, समर्पण र नेतृत्व क्षमतालाई अन्तर्राष्ट्रिय समन्वय परिषद्को केन्द्रीय तहमा स्थापित गर्ने प्रयासका रूपमा हेरिएको छ। उनले संघका अभियन्ता, अग्रज, सहकर्मी र सम्पूर्ण शुभेच्छुकहरूसँग साथ, सहयोग र समर्थनको हार्दिक अपिल गरेका छन् ।


## Khandbari Municipality
## Office of the Municipal Executive
**Khandbari, Sankhuwasabha**
**Koshi Province**

## Invitation for Bids

**Date of Publication: 2082-11-17 (2026-March-01)**

1. Khandbari Municipality, Sankhuwasabha invites electronic bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (including P.S. Without Vat) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs.(Not refundable) |
|---|---|---|---|---|
| KMO/NCB/ WORKS/12/082/083 | Maintenance of Khandbari-Badereni road (Gopilal House to Dokaan Ghar), Khandbari-08. | 47,53,748.00 | 1,40,000.00 | 3000.00 |
| KMO/NCB/ WORKS/13/082/083 | Construction of Khandbari Rangashalaa, Khandbari-07 | 1,72,73,688.16 | 5,00,000.00 | 3000.00 |

2. **Details of Bid:**

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|
| Maintenance of Khandbari-Badereni road (Gopilal House to Dokaan Ghar), Khandbari-08. KMO/NCB/WORKS/12/082/083 | 90 Days after bid opening | 30 days beyond Bid Validity Period | 2082-12-17, 12:00 Hrs. | 2082-12-17, 12:15 Hrs | Electronic Bid Only (may be download / submitted through PPMO's egp System www.bolpatra.gov.np/egp. |
| Construction of Khandbari Rangashalaa, Khandbari-07 KMO/NCB/WORKS/13/082/083 | 90 Days after bid opening | 30 days beyond Bid Validity Period | 2082-12-17, 12:00 Hrs. | 2082-12-17, 12:15 Hrs | |

3. For Further Details bidders are requested visit website www.khandbarimun.gov.np or notice board of Khandbari Municipality Office or may visit PPMO egp system *www.bolpatra.gov.np/egp.*
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank, Branch Office, Sankhuwasabha
   Name of Office: Khandbari Municipality Office
   Office Code Number: 365-05-11
   Antarik Rajaswa Khata: 2080100301010002
   Dharauti Khata Number:-2080100303000002
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## छार्का ताङसोङ गाउँपालिका
ཚྭ་དཀར་སྟེང་ཤོང་གྲོང་སྡེ་ལྷན་ཁང་།
## Chharka Tangsong Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
**कागकोट, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

## INVITATION FOR ELECTRONICS BIDS

**First date of publication: 2082/11/17(2026-03-01)**

1. The Chharka Tangsong Rural Municipality Kagkot Dolpa invites electronic bids from eligible bidders for the Procurement of following items under National Competitive Bidding (NCB) procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Work description/ Contract Identification No. | Estimated Amount With Vat and P.S | Bid Security Amount Nrs. | Bidding document fee Nrs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | *Takyu Khola Tathabandhan sahit Molaka Sam Road upgrading Project* CTSRM/DOLPA/NCB/ WORKS/11/2082/083 | 1,46,13,968 | 3,60,000 | 3,000 | In case of using online payment in local government portal buy bidding document fee otherwise not valid |

2. Bidding document is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/ egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| Information to deposit the cost of bidding documents in Banks | Information for the cash deposit the bid security amount |
|---|---|
| Name of the Bank: Rastriya Banijya Bank<br>Account Name: Chharka Tangsong Rural Municipality Kagkot, Dolpa<br>Account No.: 4530100301010002<br>Office Code No.: 80661502001<br>Revenue code:14229 | Name of the Bank: Rastriya Banijya Bank<br>Account Name: Chharka Tangsong rural municipality Kagkot, Dolpa<br>Account No.: 4530100303000002<br>Office Code No.: 80661502001 |

3. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Chharka Tangsong Rural Municipality, Dolpa, Chharka, Dolpa, Karnali Province, Nepal or may visit PPMO website **www.bolpatra.gov.np/egp**.The information about Pre-bid meeting, deadlines of submission and opening of bids scheduled to be held at chharka Tangsong Rural Municipality Kagkot, Dolpa are as follows .

| Pre-Bid Meeting Date | Last date and time of submission | Date and time of opening | Bid validity period | Bid security validity period |
|---|---|---|---|---|
| 2026-03-20 ,12:00 | 2026-03-31,12:00 | 2026-03-31,13:00 | 90 day counting from the day of bid opening | Minimum 30 days beyond bid validity period |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१७ फागुन २०८२ आइतबार
1 March 2026 Sunday

## सम्पादकीय

# संयमता अपनाऔं

इरानमाथि अमेरिका र इजरायलले संयुक्त हमला गरेपछि विश्व अशान्त बनेको छ । इरानले पनि मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गर्दै प्रतिआक्रमण सुरु गरेको छ । योसँगै विश्व अशान्त बनेको हो । यसअघि पनि इजरायल र इरान आमनेसामने भएका थिए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको परमाणु कार्यक्रम समाप्त गर्ने चेतावनी दिएका छन् । यस्तो चेतावनीले युद्ध तत्काल टर्ने विषयमा चिन्ता थपेको छ । यो घटनाले मध्यपूर्वको अस्तित्वमाथि मात्र होइन, सम्पूर्ण विश्वको राजनीति र अर्थतन्त्रमा गम्भीर प्रभाव पार्दछ ।

नेपाल, जो भौगोलिक र कूटनीतिक दृष्टिले युद्धक्षेत्रबाट पर छ, तर प्रत्यक्ष र अप्रत्यक्ष असरबाट अछुतो रहने छैन । तेलको मूल्य र रेमिट्यान्समा असर पर्न सक्दछ । मध्यपूर्वमा काम गरिरहेका लाखौं नेपाली कामदारको भविष्य खतरामा छ । रेमिट्यान्सको प्रवाह कम भए त्यसको ठुलो असर नेपालको अर्थतन्त्रमा पर्नेछ । तेलको आपूर्ति श्रृंखला अवरूद्ध भयो भने तीव्र रूपमा मूल्य वृद्धि हुन सक्दछ । नेपालमा दैनिक आवश्यक वस्तुहरूको मूल्यमा समेत वृद्धि हुनेछ । यस्तो अवस्थामा नेपाल सरकारको आर्थिक नीति र भन्सार रणनीति थप प्रभावकारी बनाउनुपर्ने हुन्छ । नेपालले तत्कालिक रूपमा रणनीतिक ऊर्जा भण्डारण प्रणाली सुदृढ गर्ने आवश्यक छ । सार्वजनिक यातायात र वैकल्पिक ऊर्जा स्रोतहरू (जस्तै, विद्युतीय सवारी साधन) को प्रोत्साहन गर्नुपर्ने हुन्छ । वैकल्पिक आपूर्ति मार्ग र स्रोतहरूको विविधीकरण गर्न जरूरी छ ।

रेमिट्यान्सको प्रवाहमा कुनै ठुलो संकट आएको खण्डमा सरकारले आकस्मिक पुनर्स्थापना योजना तयार गर्नुपर्ने हुन्छ । मध्यपूर्वमा काम गर्ने श्रमिकहरूलाई चाँडो फिर्ता ल्याउने योजना र तिनका लागि अस्थायी रोजगार र पुनर्स्थापना योजनाहरू लागू गर्नुपर्छ । यसका साथै, श्रमिकको सुरक्षा र स्वास्थ्यको सुनिश्चितता अर्को महत्वपूर्ण पक्ष छ । यसबाहेक सरकारले सामान्य नागरिकका लागि सावधानी अपनाउनुपर्ने हुन्छ । युद्धको गम्भीर असरसँगै महँगाइ र तेल संकटको सामना गर्न नेपाली नागरिक तयार रहनुपर्ने हुन्छ ।

नेपालले परराष्ट्र सम्बन्धमा जति नै तटस्थ र दूरदर्शी रणनीति अपनाएको भए पनि यस्ता संघर्षहरूले नेपालको अर्थतन्त्र र सामाजिक संरचनामा स्थायी असर पुऱ्याउने छ । यसकारण सरकार र नागरिक दुवै युद्धको सम्भावित असरको पूर्वानुमान गर्न र असर कम गर्ने उपायका लागि तयार रहनुपर्छ । यस्तोमा नेपाल सरकार पनि तत्काललाई संयम हुँदै आत्मनिर्भर अर्थ नीति अवलम्बन गर्नेतिर अग्रसर होस् । ताकि, भविष्यमा समेत आउन सक्ने संकटका बेला नेपाल र नेपाली प्रभावित हुन नपरोस् ।

# निर्वाचन र राष्ट्रिय सरोकार

आगामी निर्वाचनको परिणाम जे आए पनि राष्ट्रिय सुरक्षा, सामाजिक सद्भाव र जनहितको प्रश्न ओझेलमा पर्न हुँदैन । दल, उम्मेदवार र मतदाता- सबैले अल्पकालीन लाभभन्दा दीर्घकालीन राष्ट्रिय हितलाई प्राथमिकतामा राख्नुपर्ने बेला यही हो ।

**अग्रलेख**



● प्रा.डा. कृष्ण बेलबासे

देशमा आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनको परिणाम कस्तो आउला भन्ने विषयमा यतिबेला कथित विश्लेषक, विज्ञ, सञ्चारकर्मी, दलका पदाधिकारी, उम्मेदवार तथा मतदातासमेत आ-आफ्नो धारणा सार्वजनिक गरिरहेका छन् । तर ती अभिव्यक्ति र आचरणलाई हेर्दा- ठोस निष्कर्षमा पुग्न सकिने अवस्था देखिँदैन । एकातर्फ धेरैजसो मत तार्किक र तथ्यमा आधारित भन्दा पनि पूर्वाग्रही वा भावनात्मक देखिन्छन्; अर्कोतर्फ तुलनात्मक रूपमा सन्तुलित देखिने विश्लेषणसमेत निर्वाचन प्रक्रिया, मतदाताको मनोविज्ञान र अन्तिम घडीमा हुने समीकरण परिवर्तनका कारण अनिश्चित नै रहन्छन् ।

निर्वाचन कुन परिस्थितिमा, कस्तो राजनीतिक पृष्ठभूमिमा र कस्तो शक्ति-सन्तुलनका बिच सम्पन्न हुन्छ भन्ने कुरा स्वयं परिणाम निर्धारणको प्रमुख आधार हो । प्रतिनिधि सभाको कार्यकाल पूरा नहुँदै निर्वाचनको वातावरण बन्नु, सत्ता समीकरणको तीव्र फेरबदल र त्यससँग जोडिएका आन्तरिक तथा बाह्य प्रभावका बहसहरूले चुनावलाई अझ जटिल बनाएको छ । यस सन्दर्भमा धेरैको आशंका के छ भने निर्वाचनपश्चात् गठन हुने सरकार राष्ट्रिय हित, सुरक्षा र जनकल्याणभन्दा बाह्य प्रभावको दबाबमा बढी परिचालित हुने खतरा रहन्छ । यो आशंका सहमत वा असहमत हुन सकिने विषय हो, तर यसलाई पूर्णतः नजरअन्दाज गर्न पनि मिल्दैन ।

यद्यपि उम्मेदवारहरूमध्ये धेरै शिक्षित, अनुभवी र ऊर्जावान् युवा पनि छन् । केहीले स्वच्छ शासन, आर्थिक समृद्धि र सुशासनका प्रतिबद्धता व्यक्त गरेका छन् । त्यसैले 'जो जिते पनि देशले निकास पाउँछ' भन्ने मत राख्नेहरू पनि छन् । तर प्रश्न के हो भने- के निर्वाचन अभियानमा राष्ट्रिय सार्वभौमसत्ता, सुरक्षा, सामाजिक सद्भाव र दीर्घकालीन रणनीतिक हितजस्ता मूल विषयहरू पर्याप्त रूपमा उठाइएका छन् ? प्रायः भाषण र बहस हेर्दा, आफ्नै निर्वाचन क्षेत्रलाई विकासको आश्वासन दिने, प्रतिस्पर्धीमाथि आरोप-प्रत्यारोप गर्ने र अल्पकालीन लोकप्रियता खोज्ने प्रवृत्ति बढी देखिन्छ । यस क्रममा प्रयोग हुने भाषा र शैलीले सामाजिक सद्भावलाई समेत आघात पुऱ्याउने गरेको देखिन्छ । यस्ता अभिव्यक्ति र आचरणले उम्मेदवारको दृष्टि, परिपक्वता र प्राथमिकता स्पष्ट पार्छन् ।

आजको विश्व राजनीति तीव्र प्रतिस्पर्धात्मक चरणमा छ । भूराजनीतिक रूपमा संवेदनशील क्षेत्रहरूमा रहेका साना राष्ट्रहरू प्रत्यक्ष वा अप्रत्यक्ष दबाबको घेरामा छन् । दक्षिण एशियाका धेरै देशहरू बाह्य शक्तिहरूको प्रभाव-प्रतिस्पर्धाबाट प्रभावित छन् । नेपाल पनि त्यसबाट अछुतो छैन । यस्तो अवस्थामा राष्ट्रिय सहमति, सामाजिक एकता र स्पष्ट विदेशनीति अत्यावश्यक हुन्छ । दुर्भाग्यवश, हामीभित्रै विभाजनका रेखाहरू गहिरिँदै गएको अनुभूति हुन्छ ।

नेपालमा धर्म, जाति, भाषा र संस्कृतिको विविधता ऐतिहासिक यथार्थ हो । तर लामो समयसम्म यी विविधताबीच सामञ्जस्य कायम रह्यो । पछिल्ला दशकहरूमा राजनीतिक परिवर्तन र अधिकारवादी बहसका नाममा पहिचान-आधारित ध्रुवीकरण बढेको छ । विविधताको सम्मान लोकतान्त्रिक मूल्य हो, तर त्यसैलाई राजनीतिक लाभका लागि अतिरञ्जित गरी समाजलाई विभाजित गर्ने प्रवृत्तिले दीर्घकालीन अस्थिरता निम्त्याउन




सक्छ । बाह्य शक्तिहरूले प्रभाव विस्तार गर्न समाजभित्रको विभाजनलाई उपयोग गर्ने विश्वव्यापी अभ्यास रहेको तथ्यलाई पनि हामीले बिर्सनु हुँदैन ।

इतिहासतर्फ फर्केर हेर्दा, नेपालले सानो र स्रोत-सीमित राष्ट्र भएर पनि औपचारिक उपनिवेशवाद भोग्नुपरेन । राष्ट्रिय एकता र स्वाधीनताप्रति शासक तथा जनस्तरमा रहेको प्रतिबद्धताले त्यसमा भूमिका खेलेको थियो । तर, २००७ सालको राजनीतिक परिवर्तनपछि खुला सीमाना, वैदेशिक प्रभाव र आन्तरिक शक्ति-संघर्षका कारण राजनीति क्रमशः बाह्य चासोको केन्द्र बन्दै गयो । २०४६ सालको परिवर्तनपछि बहुदलीय लोकतन्त्र पुनर्स्थापित भए पनि सुशासन, पारदर्शिता र उत्तरदायित्वको अपेक्षा पूरा हुन सकेन । भ्रष्टाचार, अनियमितता र सत्तास्वार्थले जनअसन्तोष बढायो ।

त्यस असन्तोषको पृष्ठभूमिमा सशस्त्र द्वन्द्व, त्यसपछि शान्ति प्रक्रिया र नयाँ राजनीतिक संरचनाको निर्माण भयो । तर प्रणाली परिवर्तनसँगै राजनीतिक संस्कारमा अपेक्षित सुधार आउन सकेन । सत्तामा पुगेका धेरै शक्तिहरूले जनउत्तरदायित्वभन्दा सत्ता-साझेदारी र लाभको राजनीति प्राथमिकतामा राखेको आरोप जनस्तरमा व्याप्त छ । यही कारण नयाँ-नयाँ आन्दोलन र वैकल्पिक शक्ति खोज्ने प्रवृत्ति दोहोरिँदै आएको छ ।

*दक्षिण एशियाका धेरै देशहरू बाह्य शक्तिहरूको प्रभाव-प्रतिस्पर्धाबाट प्रभावित छन् । नेपाल पनि त्यसबाट अछुतो छैन । यस्तो अवस्थामा राष्ट्रिय सहमति, सामाजिक एकता र स्पष्ट विदेश नीति अत्यावश्यक हुन्छ ।*

पछिल्ला राजनीतिक घटनाक्रममा संवैधानिक संस्थाहरूको भूमिकामाथि पनि प्रश्न उठेका छन् । संविधानले राष्ट्रपतिलाई राष्ट्रिय एकताको प्रवर्द्धक र संविधानको संरक्षकको भूमिका दिएको छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचको सन्तुलन लोकतन्त्रको मूल आधार हो । तर प्रतिनिधि सभा विघटन, सरकार गठन-विघटनका विवाद र तिनमाथि न्यायिक पुनरावलोकनको प्रक्रियाले संस्थागत विश्वसनीयताको बहस जन्माएको छ । न्यायालयप्रति जनविश्वास कमजोर हुँदा राज्य संयन्त्र समग्रमै प्रश्नको घेरामा पर्छ । न्याय ढिलो हुनु, संवेदनशील मुद्दामा लामो समय निर्णय नआउनु वा राजनीतिक प्रभावको आशंका हुनु लोकतान्त्रिक स्वास्थ्यका लागि राम्रो संकेत होइन ।

संविधानले राष्ट्रहितलाई स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाभिमान र जनहितसँग जोडेको छ । राष्ट्रिय हितविपरीत आचरण दण्डनीय हुने व्यवस्था पनि छ । तर, व्यवहारमा राज्यका अंगहरूले यी सिद्धान्त कति प्रभावकारी रूपमा कार्यान्वयन गरिरहेका छन् भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । सुरक्षा संयन्त्र, प्रशासनिक निकाय र राजनीतिक नेतृत्व सबैको आचरणले राष्ट्रिय सुरक्षाप्रति संवेदनशीलता झल्किनुपर्छ । अन्यथा नागरिकस्तरमा निराशा र अविश्वास बढ्छ ।

यस परिप्रेक्ष्यमा मूल जिम्मेवारी कसको हो भन्ने प्रश्न पनि उठ्छ । शासन-प्रशासनमा रहेका व्यक्तिहरूको नियत, नैतिकता र क्षमता नै राज्यको चरित्र निर्धारण गर्ने कारक हुन् । गलत निर्णय, अपारदर्शी व्यवहार र स्वार्थकेन्द्रित राजनीति नै आजको असन्तोषको प्रमुख कारण हुन् । बाह्य प्रभावलाई मात्र दोष दिएर आन्तरिक कमजोरी ढाक्न सकिँदैन । बाह्य हस्तक्षेप तब सम्भव हुन्छ, जब आन्तरिक संरचना कमजोर हुन्छ ।

त्यसैले आजको आवश्यकता आत्ममूल्यांकन हो- व्यक्तिगत पनि, संस्थागत पनि । लोकतन्त्र केवल निर्वाचनको अभ्यास होइन; त्यो उत्तरदायित्व, पारदर्शिता र नैतिकताको संस्कार हो । स्वार्थ तत्कालीन लाभ दिन सक्छ, तर दीर्घकालीन रूपमा मानसिक असन्तोष र सामाजिक विखण्डन जन्माउँछ । त्याग र दायित्वले भौतिक कठिनाइ ल्याए पनि नैतिक सन्तुष्टि र स्थायित्व दिन सक्छ । के हामी यस यथार्थलाई स्वीकार गर्न तयार छौं ?

आगामी निर्वाचनको परिणाम जे आए पनि राष्ट्रिय सुरक्षा, सामाजिक सद्भाव र जनहितको प्रश्न ओझेलमा पर्न हुँदैन । दल, उम्मेदवार र मतदाता- सबैले अल्पकालीन लाभभन्दा दीर्घकालीन राष्ट्रिय हितलाई प्राथमिकतामा राख्नुपर्ने बेला यही हो । विभाजन होइन, सहमति; आरोप होइन, उत्तरदायित्व; स्वार्थ होइन, त्याग- यी मूल्यहरूलाई व्यवहारमा उतार्न सके मात्र लोकतन्त्र सुदृढ हुनेछ ।

अन्ततः देशको भविष्य कुनै एक व्यक्ति वा दलले मात्र निर्धारण गर्ने होइन । सजग नागरिकता, सुदृढ संस्था र नैतिक नेतृत्वको संयुक्त प्रयासले मात्र राष्ट्र सुदृढ बन्छ । त्यसैले निर्वाचनलाई केवल सत्तापरिवर्तनको माध्यम नभई आत्मसुधार र राष्ट्रिय पुनर्संरचनाको अवसरका रूपमा लिन सकियो भने मात्र यसको वास्तविक सार्थकता सिद्ध हुनेछ ।

## इतिहासमा आज

१ मार्च १९९२ मा बोस्निया र हर्जेगोविनाले युगोस्लाभियाको समाजवादी संघीय गणतन्त्रबाट आफ्नो स्वतन्त्रता घोषणा गरेका थिए ।



१ मार्च १९९८ को दिन टाइटानिक विश्वव्यापी रूपमा १ अर्ब डलरभन्दा बढी कमाउने पहिलो फिल्म बनेको घोषणा गरिएको थियो ।



१ मार्च २००२ मा अफगानिस्तानमा अमेरिकाले अपरेशन एनाकोन्डा सुरु गरेको थियो ।



१ मार्च २००८ मा आर्मेनियामा राष्ट्रपति चुनावमा धाँधली गरिएको भन्दै हिंसात्मक विरोध भएको थियो । जसमा १० जनाको ज्यान गएको थियो भने सयौं घाइते भएका थिए ।



# मानव दृष्टिको सीमा र सत्यको खोज

**विचार**



● सत्यजीत

*मानव चेतना, विवेक र वैज्ञानिक दृष्टिकोण नै सत्यको वास्तविक खोजी हो । प्रत्यक्ष दृष्टि, धार्मिक विश्वास र अन्धविश्वास सधैं पूर्ण सत्य प्रदान गर्न असमर्थ छन् । विज्ञानले मात्र मानवलाई वास्तविकता बुझ्न, ज्ञान संकलन गर्न र भ्रमबाट मुक्ति दिलाउन सक्छ ।*

मानव दृष्टि केवल प्रारम्भिक सत्यको आधार हो । हामी प्रायः आँखाले देख्न सकिने वस्तु वा घटनालाई वास्तविकता ठान्छौं, तर वास्तविकता केवल प्रत्यक्ष दृष्टिमा सीमित छैन । उदाहरणका लागि, हावा हामीले देख्न सक्दैनौं, तर यसको अस्तित्व स्पष्ट छ- यसले श्वास फेर्न, मौसम निर्माण गर्न, र वस्तुहरू चलाउन योगदान पुऱ्याउँछ । विज्ञानले यसको दबाव, गति, अणुगतिको मापन गरेर यसको अस्तित्व प्रमाणित गरेको छ । यसले देखाउँछ कि आँखाले नदेखिएको कुरा पनि सत्य हुन सक्छ ।

समानै, सूक्ष्मजीव, किटाणु र भाइरस मानव दृष्टिले देख्न असम्भव छन् । तर तिनीहरूले स्वास्थ्य र जीवनमा प्रत्यक्ष प्रभाव पार्छन् । विज्ञानले माइक्रोस्कोप र प्रयोगशालाको माध्यमबाट तिनको अस्तित्व पुष्टि गरेको छ । उदाहरणका लागि, ट्युबर कुलोसिस, हाइजीन, खोप र औषधि निर्माणमा सूक्ष्मजीवको ज्ञान नै निर्णायक साबित भएको छ । यसले मानव दृष्टिकोण सधैं पर्याप्त नभएको प्रमाणित गर्छ ।

यस्तै, रेडियो तरंग, पराबैंगनी किरण, एक्स-रे र सूक्ष्मदृश्य किरणहरू पनि आँखाले देख्न सक्दैन । उपकरण र मापनले मात्र तिनीहरूको प्रभाव र प्रयोगलाई प्रमाणित गर्छ । विज्ञानले केवल देखिन सक्ने वस्तुमा विश्वास गर्ने मानसिकतालाई चुनौती दिएको छ । यसबाट मानव चेतनाले सत्य बुझ्न विवेक र अनुसन्धानको महत्व बुझ्न सक्छ ।

तर धर्म र अन्धविश्वास प्रायः मानव दृष्टिमा सीमित दृष्टिकोणमा आधारित हुन्छन् । धार्मिक विश्वास र पौराणिक कथाहरूमा देखिने अदृश्य शक्तिहरू, देवता, भूत-प्रेत, स्वर्ग-नरकजस्ता अवधारणाहरू बिना प्रमाण स्वीकार गरिन्छ । यसले मानव चेतनालाई भ्रम र अन्धविश्वासमा बाँध्छ । विज्ञानको परीक्षण र तर्कले यसलाई चुनौती दिन्छ, तर अन्धभक्तहरूले प्रत्यक्ष प्रमाण नदेखिएको कारण विश्वास गर्न छोड्दैनन् ।

अन्धविश्वास प्रायः भय, अज्ञान र परम्परागत शक्ति संरचनामा आधारित हुन्छ । मानिस जन्मदा नास्तिक हुन्छ, तर पारिवारिक र सामाजिक दबाबले धार्मिक विश्वासमा बाँधिन बाध्य हुन्छ । विज्ञानले भने प्रमाण, परीक्षण, अवलोकन र तर्कमार्फत मानव चेतनालाई स्वतन्त्र बनाउँछ । यसले सत्यको दायरा बृहत् बनाउँछ र अन्धविश्वासको भ्रमलाई चुनौती दिन्छ ।

यसैबाट स्पष्ट हुन्छ कि मानव दृष्टि सीमित छ, तर विज्ञान र विवेकले त्यसको सीमा पार गर्न सक्छ । हावा, किटाणु, रेडियो तरंग, सूक्ष्मजीवजस्ता उदाहरणहरूले प्रमाणित गर्छन् कि सत्य केवल प्रत्यक्ष दृष्टिमा छैन । धर्म र अन्धविश्वासले देखाएको सत्य प्रायः अन्धविश्वास र मूर्खतामा आधारित हुन्छ, जसको सामना विज्ञान र तर्कले मात्र सम्भव छ ।

अन्ततः मानव चेतना, विवेक र वैज्ञानिक दृष्टिकोण नै सत्यको वास्तविक खोजी हो । प्रत्यक्ष दृष्टि, धार्मिक विश्वास र अन्धविश्वास सधैं पूर्ण सत्य प्रदान गर्न असमर्थ छन् । विज्ञानले मात्र मानवलाई वास्तविकता बुझ्न, ज्ञान संकलन गर्न र भ्रमबाट मुक्ति दिलाउन सक्छ । यसैले धर्म र अन्धविश्वासको सीमित दृष्टिकोणको सट्टा तर्क, अवलोकन र प्रमाणमा आधारित चेतनालाई प्राथमिकता दिनु मानव सभ्यताको वास्तविक उन्नति हो ।

भूकम्पको उदाहरण यस सन्दर्भलाई अझ स्पष्ट बनाउँछ । हामीले यसको कम्पन महसुस गर्न सक्छौं, तर यसको कारण- धरातलभित्र प्लेटको गति, टेक्टोनिक दबाब हामीले प्रत्यक्ष देख्न सक्दैनौं । सिस्मोग्राफ र भूगर्भीय अनुसन्धानले मात्र यसको यथार्थ बुझ्न सक्षम बनाएको छ । यसले मानव दृष्टिकोणको सीमितता र वैज्ञानिक अनुसन्धानको महत्व दुवै देखाउँछ ।

धर्म र अन्धविश्वास पनि प्रायः प्रत्यक्ष दृष्टिमा आधारित वा परम्परागत कथामा आधारित हुन्छन् । अदृश्य शक्तिहरू, देवता, भूत-प्रेत, स्वर्ग-नरकजस्ता अवधारणाहरू बिना प्रमाण स्वीकार गरिन्छ । यसले मानिसलाई भ्रममा राख्छ र चेतनालाई नियन्त्रणमा राख्छ । अन्धविश्वास प्रायः भय, अज्ञान र परम्परागत शक्ति संरचनामा आधारित हुन्छ । मानिस जन्मदा स्वतन्त्र हुन्छ, तर सामाजिक र पारिवारिक दबाबले धार्मिक विश्वासमा बाध्य बनाइन्छ ।

वास्तविकता बुझ्नका लागि प्रमाण, अवलोकन र तर्क अपरिहार्य छन् । विज्ञानले मात्र मानव चेतनालाई स्वतन्त्र बनाउँछ, भ्रम हटाउँछ र सत्यको दायरा बृहत् बनाउँछ । हावा, किटाणु, रेडियो तरंग, भूकम्पजस्ता उदाहरणहरूले देखाउँछन् कि प्रत्यक्ष दृष्टि वा अन्धविश्वासमा विश्वास गर्दा सत्यलाई ठगिन सकिन्छ ।

## सामाजिक सञ्जाल




**ओमकुमार थापा**

अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेर अन्तर्राष्ट्रिय कानुनको धज्जी उडाएका छन् । तेस्रो विश्व युद्ध हुनसक्ने परिस्थिति सिर्जना गर्दै छन् । अमेरिका र उसका एलायन्सहरू प्रजातन्त्रको आवरणमा आतंक र दादागिरी देखाइरहेका छन् । युएन र बाँकी विश्व किन मौन छ ? विश्वमा अशान्तिको कारक अमेरिका नै हो ।

एकातिर लागेर अर्को पक्षको राम्रोलाई पनि नराम्रो भन्ने, आफ्नो पक्षको नराम्रो ढाकछोप गर्ने महामारी फैलिएको छ । कार्यकर्ताले यसो गर्छन्, तर पर बसेर तमासा हेरिरहेकाहरूले पनि यसो गर्नु चाहिँ गलत हो । महामारीको सिकार नबनौं । कार्यकर्ताले पार्टीकै सेवा गरुन्, जनता चाहिँ न्यायाधीश बनौं ।



**राजकुमार रेग्मी**



**विश्वदीप**

रास्वपा र बालेन एउटै होइनन्, एउटै पार्टीका पनि होइनन् । बालेनलाई चुनावी मञ्च चाहिएर रास्वपामा जोडिएका हुन् । रास्वपामा उपर्युक्त पात्र नभएपछि बालेनलाई सम्भावित 'कन्सल्ट्यान्ट प्रधानमन्त्री'का रूपमा हायर गरिएको हो । रास्वपा र बालेन चुनावपछि एकै ठाउँमा हुँदैनन् ।

प्रतिनिधिमूलक प्रजातन्त्रमा मत दिनु भनेको नागरिकको आफ्नो अधिकार प्रत्यायोजन गर्नु हो ! यसले जे गर्छ, त्यसमा मेरो राजी खुसी छ भन्नु हो ! हामी आफ्नो तर्फबाट निर्णय लिने अधिकारहरूलाई (शक्ति) अरूलाई हस्तान्तरण गर्दै छौ ! त्यसैले पाई, पाई मूल्यांकन गर्नोस्, मतदान गर्दा !



**विनोद न्यौपाने**

# 'शीर्ष नेताकै सम्पत्ति छानबिनबाट सुधारको थालनी गर्छौं'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १५ फागुन

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले सुशासन स्थापना गर्न पार्टीका शीर्ष नेताकै सम्पत्ति छानबिनबाट सुधारको थालनी गरिने बताएका छन् ।

नेपाली कांग्रेस छत्रकोटले गुल्मी क्षेत्र नं. १ को चोयगामा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै शर्माले वर्तमान सभापति गगन कुमार थापा र पूर्व सभापति शेरबहादुर देउवा को सम्पत्ति छानबिन गरेर पार्टीभित्रैबाट सुधार सुरु गरिने बताएका हुन् ।



उपसभापति शर्माले कांग्रेसले देशका समस्या पहिचान गरी समाधानका लागि सच्चिएर अघि बढेको दाबी गरे । देशका असल मुद्दा तथा जेन-जी पुस्ताको भावना अनुसार काम गर्ने गरी पार्टी अघि बढिरहेको उल्लेख गर्दै उनले कांग्रेसलाई विश्वास गर्न आग्रह गरे ।

उनले पुरानो पार्टी सकियो, नयाँलाई रोजौं भन्ने बहसप्रति टिप्पणी गर्दै भने, 'यदि पुरानो चाहिने हो भने सबैभन्दा पुरानो लोकतान्त्रिक दल कांग्रेस हो, यदि नयाँ चाहियो भने परिवर्तन भएर आएको नयाँ कांग्रेस पनि यही हो ।' गल्ती, कमी-कमजोरी सच्याएर राम्रो कामलाई अंगाल्दै अघि बढ्ने पार्टीका रूपमा कांग्रेस प्रस्तुत भएको उनले बताए ।

भ्रष्टाचारको आरोप लागेमा जोसुकै नेता भए पनि पार्टी सदस्यताबाट हटाएर कानुनी प्रक्रियालाई सघाउने उनले प्रतिबद्धता जनाए । 'मुद्दा लागेपछि राजनीतिक संरक्षण होइन, कानुनलाई सहयोग गर्ने संस्कार बसाल्छौं' शर्माले भने । कर्मचारी प्रशासनको मनोबल खस्किएको उल्लेख गर्दै इमानदार कर्मचारीलाई काम गर्ने वातावरण बनाइने र सेवाग्राहीले आवश्यक कागजात लिएर कार्यालय जाँदा काम नहुने अवस्थाको अन्त्य गरिने उनले बताए ।

शर्माले २०६४ सालको जस्तो आवेगमा विवेक गुमाउने गल्ती नदोहोर्‍याउन मतदातालाई आग्रह गरे । 'सिंगो टिम, विज्ञ र योग्य व्यक्तिलाई समेटेर देश हाक्ने क्षमता कांग्रेससँग छ,'उनले दाबी गरे । जेनजेड युवाले खोजेको परिवर्तनलाई संस्थागत गर्न कांग्रेसले नेतृत्व लिनुपर्ने उनको तर्क थियो ।

कार्यक्रममा नेपाली कांग्रेसका पूर्व केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा क्षेत्र नं.१ का उम्मेदवार डा.चन्द्र भण्डारीले संविधान जोगाउने पक्षमा मतदान गर्न आग्रह गरे । लुम्बिनी प्रदेश उपसभापति तथा प्रतिनिधिसभा उम्मेदवार भुवन श्रेष्ठले देशलाई विकास र निकास दिन गगन नेतृत्व आवश्यक रहेको बताए । गुल्मी कांग्रेस सभापति खिलध्वज पन्थीले जिल्लाको समग्र विकासका लागि दुवै उम्मेदवारलाई जिताउन आन्तरिक मनमुटाव त्यागेर एकताबद्ध हुन कार्यकर्तालाई आह्वान गरे ।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
सहरी विकास तथा भवन निर्माण विभाग
सघन सहरी तथा भवन निर्माण आयोजना
रुपन्देही

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८२/११/१७**

यस आयोजनाबाट नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपशिलको खरिद नम्बर र कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरु सूचना तथा बोलपत्रमा उल्लेख भएको योग्यताको आधारमा सफल भई सारभूत रूपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज को उपनियम ५ बमोजिम निम्न बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०८२/११/२६ गते दिनको १.०० बजे यस आयोजना कार्यालयमा खोलिने भएकोले सरोकारवाला सबैंको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

| खरीद नं. | योजनाको नाम | सफल बोलपत्रदाताको नाम |
|---|---|---|
| PUDBC/ Rupandehi/NCB/ Works/15-082/83 | Construction of Farsatikar Ma.Vi in Suddhodhan Rural Municipality, Rupandehi | 1. Fuljor Nirman Com Pvt.Ltd, Bijulibazar, Kathmandu<br>2. AI-HDC J/V,Siyari-2, Rupandehi<br>3. Bageshwari-Dibya J.V, Mayadevi, Rupandehi<br>4. Brave-Barsha construction JV, Siddharthanagar-02, Rupandehi<br>5. Maa Gayatri Nirman Sewa, Siddharthanagar-13, Rupandehi<br>6. Mukti construction pvt.ltd, Tilottama-16, Rupandehi<br>7. NS-MRM-KC JV, Kathmandu-10, Kathmandu<br>8. Pashupati-Sapanasundari-LB J/V, Tilottama-14, Rupandehi<br>9. Sitara-Haiku-Kavre J.V., Tarkeshwor-08, Kathmandu<br>10. Sunami-Shiwalaya Joint Venture, Bidur-07, Nuwakot |
| PUDBC/ Rupandehi/NCB/ Works/20-082/83 | Upgradation and Construction of Drain in Integrated Check Post in Siddharthanagar, Rupandehi | 1. Hari Bhakta Nirman Sewa Udhyog, Gangadev-02, Rolpa<br>2. Asiyali Construction & services, Siddharthanagar-09, Rupandehi<br>3. Doko/Kaya JV, Godawari, lalitpur<br>4. P&DK-Prasai JV, Manthali-07, Ramechhap<br>5. Das-Rajan JV, Butwal-08, Rupandehi<br>6. Barytech-Prizma& Prapti JV, Kathmandu-32, Kathmandu |

**आयोजना प्रमुख**

# रुकुम पश्चिममा २ वटा अस्थायी मतदान केन्द्र रहने




**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १६ फागुन

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुकुम पश्चिम मा दुई वटा अस्थायी मतदान केन्द्र रहने भएका छन् । समानुपातिक तर्फको मतदानका लागि जिल्लामा उक्त अस्थायी मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालय रुकुम पश्चिमले जनाएको छ ।

जिल्ला निर्वाचन अधिकारी मोहनलाल केसीका अनुसार जिल्ला कारागार र जिल्ला सदरमुकाम मुसिकोट नगरपालिका-१ खलंगास्थित बराटाकुरामा एक-एक वटा अस्थायी मतदान केन्द्र रहनेछन् ।

कारागारस्थित मतदान केन्द्रबाट कारागारमा रहेका कैदीबन्दीहरूले समानुपातिकतर्फ मतदान गर्न पाउनेछन् । यस्तै बराटाकुरास्थित अस्थायी मतदान केन्द्रमा कर्मचारी, सुरक्षाकर्मी लगायतले समानुपातिक तर्फ मतदान गर्न सक्ने व्यवस्था गरिएको छ । अस्थायी मतदान केन्द्रबाट प्रत्यक्षतर्फ भने मतदान गर्न नपाइने जनाइएको छ ।

जिल्लाभर ७६ मतदान स्थल रहेका छन् भने १ सय ४० वटा स्थायी र २ वटा अस्थायी गरी कुल १ सय ४२ मतदान केन्द्र रहनेछन् । निर्वाचनका लागि आवश्यक सामग्री तयारी अवस्थामा राखिएको छ । समानुपातिक तथा प्रत्यक्षतर्फका मतपत्र जिल्लामा आइसकेका छन् भने मतपेटिका लगायतका अन्य सामग्री पनि तयारी अवस्थामा रहेको जिल्ला निर्वाचन अधिकारी केसीले जानकारी दिए ।

सबै मतदान केन्द्रका लागि सामग्री तयार पारिएको र तोकिएको समयमा जिल्लाभर पठाइने व्यवस्था मिलाइएको छ । जिल्लामा कुल मतदाता संख्या १ लाख ६ हजार ६ सय ६० रहेको छ । जसमा ५४ हजार २ सय ६३ पुरुष, ५२ हजार ३ सय ९६ महिला र १ जना अन्य मतदाता रहेका छन् ।

एक मात्र निर्वाचन क्षेत्र रहेको जिल्लामा १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन् । निर्वाचनलाई व्यवस्थित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न आवश्यक तयारी पूरा गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

# भारतको मेदांता अस्पताल विश्वको शीर्ष सूचीमा

**काठमाडौं/मस-** मेदांता-द मेडिसिटी विश्वका उत्कृष्ट अस्पतालहरूको सूचीमा आफ्नो स्थान कायम राख्न सफल भएको छ । अमेरिकी पत्रिका न्यूजवीकले सार्वजनिक गरेको विश्वका उत्कृष्ट २०२६' सूचीमा भारतको नम्बर १ अस्पतालको रूपमा घोषणा गरेको छ । सन् २०२६ को सूचीमा भारतसहित अष्ट्रेलिया, क्यानडा, जर्मनी, जापान, सिंगापुर, बेलायत र अमेरिका लगायत ३२ देशका २,५०० भन्दा बढी अस्पतालहरूको विस्तृत मूल्यांकन गरिएको थियो ।

मूल्यांकन प्रक्रियामा हजारौं चिकित्सक तथा स्वास्थ्य विशेषज्ञहरूको सिफारिस, बिरामीहरूको अनुभव, अस्पतालको गुणस्तर मापदण्ड तथा बिरामीले प्रत्यक्ष रूपमा रिपोर्ट गरेका उपचार परिणामजस्ता सूचकहरूलाई आधार बनाइएको छ । यसले अस्पतालहरूको सेवा गुणस्तर, विश्वसनीयता र बिरामी-केन्द्रित दृष्टिकोणलाई समग्र रूपमा मूल्यांकन गरेको जनाइएको छ ।

ग्लोबल हेल्थ लिमिटेड द्वारा सञ्चालित मेदांता भारतको गुरुग्राममा अवस्थित एक अग्रणी बहुविशेषज्ञ अस्पताल हो । यस अस्पतालले अत्याधुनिक प्रविधि, कृत्रिम बौद्धिकता, रोबोटिक्स तथा डिजिटल स्वास्थ्य प्रणालीको प्रयोगमार्फत बिरामीको उपचार परिणाम सुधार गर्ने लक्ष्य राखेको जनाएको छ । अस्पतालले आफ्नो मार्गदर्शक दर्शन 'हर एक जान अनमोल' अनुरूप विश्वस्तरीय स्वास्थ्य सेवा सबैका लागि पहुँचयोग्य बनाउने, चिकित्सा अनुसन्धानलाई प्रोत्साहन गर्ने तथा नवीनतम उपचार प्रविधिको विकास र प्रयोगमा निरन्तर अग्रसर रहने प्रतिबद्धता व्यक्त गरेको छ ।

**Invitation for Electronic Bids**

**Date of first publication: 1st March, 2026**

1. The Government of Nepal, Ministry of Health and Population, National Tuberculosis Control Center invites electronic bids from eligible bidders for the Following procurements under National Competitive Bidding– Single Stage, One Envelope. Procedures specified in public procurement act and regulations.
2. The bidder may submit the bid and offer discounts. Bidders shall quote for the complete quantity.

| IFB No. | Slice | Required Item | Unit | Quantity | Bid Security in NRs. |
|---|---|---|---|---|---|
| 09: NTCC/ NCB/G/02/-2082-083 Supply of Centrifuge Tube | 1 | Centrifuge Tube | pcs | 420000 | 114000 |
| 10: NTCC/ NCB/G/03/-2082-083 Supply of Personal Protective Equipment (PPE) | 1 | N95 Mask | Pcs | 9500 | 14000/- |
| | 2 | Personal Protective Equipment – PPE | Various Item & quantity | | 14000/- |

3. Eligible Bidders may obtain further information from the office of National Tuberculosis Control Centre, Thimi, Bhanktapur, Nepal, Email: procurementunitntcc@gmail.com, phone No. 977-01-6630706, website: www.nepalntp.gov.np or may visit PPMO EGP system: www.bolpatra.gov.np/egp.
4. Bid is to be uploaded and submitted electronically through PPMO's e-GP system www.bolpatra.gov.np/egp by 12:00 Noon of 30th March, 2026.
5. Electronic bids should deposit the cost of bidding document and Bid security as specified below. And also the evidence of bank receipt of bid fee and bid security should be enclosed in bid document.

| For Bid Fee | For Bid Security (If bidder intends to submit bid security in cash) |
|---|---|
| Name of Office: National Tuberculosis Control Centre, Thimi, Bhaktapur,<br>Bid Fee: Rs. 3000.00 (For either one or more slices)<br>Revenue Title No: 14229, Office Code No. 370013301<br>Account No: 00101000000001001001<br>Name of Bank: Nepal Bank Limited, Bhaktapur, Nepal | Name of Bank: Nepal Bank Limited, Bhaktapur, Nepal.<br>Name of office: Ko. Le. Ni. Ka., Bhaktapur<br>Account No: 01901000002003000001<br>Bid security amount is mentioned anove table. |

6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours, on 30th March, 2026 at the office of NTCC, Thimi, Bhaktapur, Nepal.
7. Bid must be valid for at least 90 days after the date of bid opening and must be accompanied by Bid Security not less than the amounts mentioned above. The Bid Security shall be in the name of the Bidder and in the case of a Bid Security issued by a foreign bank, the same shall be counter-guaranteed by a Commercial Bank/ Financial Institution in Nepal. The Bid Security must be valid for thirty (30) days beyond the bid validity period.
8. If the bid opening day falls on a government holiday, then the next working day at the same time bid shall be opened. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the NTCC reserves the right to amend and correct the bid at any time.
10. NTCC reserves the right to cancel the bidding process partially or whole at any time without disclosing the reason.

**National Tuberculosis Control Centre (NTCC)**
**Thimi, Bhaktapur, Nepal**

# ‘मितज्यू’को पोस्टरमा सौगात र दयाहाङको पञ्जा लडाइँ



**काठमाडौं/मस-** हालै छायांकन सम्पन्न गरेको फिल्म ‘मितज्यू’को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ। निर्माण टिमले गत वर्ष माघमा सार्वजनिक गरिएको पेन्टिङ पोस्टरकै अवधारणालाई आधार बनाएर आधिकारिक पोस्टर तयार पारेको जनाएको छ।

सार्वजनिक पोस्टरमा तीन मुख्य कलाकार दयाहाङ राई, सौगात मल्ल र तेरिया फौजा मगरलाई प्रमुख रूपमा प्रस्तुत गरिएको छ। पोस्टरमा दयाहाङ र सौगात पञ्जा जुधाइरहेको दृश्य देखिन्छ भने तेरिया मगर पहाडी भूगोलको पृष्ठभूमिमा मालवाहक गाडीको बोनटमाथि बसेकी छन्। मगर समुदायको मौलिक पहिरनमा प्रस्तुत उनी केही आक्रोशित तथा गम्भीर मुद्रामा देखिन्छिन्।

पोस्टरले फिल्मको कथावस्तु प्रेम त्रिकोण, आत्मसम्मानको द्वन्द्व र सामाजिक टकरावमा आधारित रहेको संकेत गर्छ। ग्रामीण परिवेश, जीप चालकको जीवन र सम्बन्धका जटिल आयामलाई फिल्मले उठान गर्ने बुझिन्छ। पञ्जा लडाइँको दृश्यले दुई पात्रबीचको प्रतिस्पर्धा मात्र नभई नायिकालाई केन्द्रमा राखिएको भावनात्मक संघर्ष पनि झल्काउँछ।

फिल्ममा दयाहाङ, सौगात र तेरियासँगै पुष्कर गुरुङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरुण पुन मगर, उत्तमराज पाण्डे, सविन कट्टेल, उमेश सोनाम, पवित्रा खड्का र खड्गबहादुर पुन मगर (खबपु) लगायतका कलाकारहरूको अभिनय रहेको छ।

अनिल बुढा मगरको निर्देशन तथा जनक घर्ती मगरको निर्माणमा बनेको फिल्म जीएम मुभिज प्रोडक्सनको ब्यानरमा तयार भएको हो। यस फिल्मबाट तेरिया मगरले अभिनेत्रीको रूपमा डेब्यू गरेकी हुन्।

शिशिर बिशंखेको छायांकन, लोकेश बज्राचार्यको सम्पादन रहेको फिल्ममा प्रभात विष्टको द्वन्द्व निर्देशन, नवीन श्रेष्ठको साउन्ड डिजाइन तथा श्रीकृष्ण बम मल्लको संगीत समावेश छ। रोहित-रत्न समूहअन्तर्गत आरआर फिल्म्सले देशव्यापी वितरण गर्ने ‘मितज्यू’ आगामी १५ जेठ, गणतन्त्र दिवसको अवसर पारेर प्रदर्शनमा आउने तयारीमा छ।

# ‘म नेपाली हुँ, मेरो देश नेपाल’ सार्वजनिक




**काठमाडौं/मस-** जेनजी आन्दोलनका विषय समेटिएको वरिष्ठ सौन्दर्यविद् सुष्मा महराको शब्द तथा अभिनय रहेको देशभक्तिपूर्ण गीत ‘म नेपाली हुँ, मेरो देश नेपाल’ सार्वजनिक गरिएको छ।

राजधानीमा शुक्रबार आयोजित एक कार्यक्रममा जेनजी आन्दोलनका तीन शहीद परिवार उदयपुरकी अम्बिका विश्वकर्मा (जसले बानेश्वर संसद भवन अगाडिको श्रीमान् गुमाइन), कीर्तिपुरका विष्णु बहादुर तामाङ (शहीद बुद्धि बहादुर तामाङका बुबा) र पार्वती अधिकारी (जसले आन्दोलनमा आफ्ना छोरा गुमाइन्) को उपस्थितिमा गीत सार्वजनिक गरिएको हो।

गायक सत्यराज आचार्यको स्वर, वरिष्ठ संगीतकार पुरुषोत्तम न्यौपानेको संगीत र दीक्षित पौडेलको संगीत संयोजन रहेको यस गीतले राष्ट्रियता, सामाजिक यथार्थ र देशको वर्तमान अवस्थालाई समेटेको छ। शक्ति प्रज्वल घिमिरेको निर्देशनमा तयार पारिएको भिडियोले देशको राजनीतिक र सामाजिक परिवेशलाई ऐना देखाउने प्रयास गरेको छ।

भिडियोमा एकातिर ‘जेनजी’ पुस्ता सडकमा अधिकारका लागि आन्दोलन गरिरहेका र रगत बगाइरहेका मार्मिक दृश्यहरू छन् भने, अर्कोतिर सत्ताको बागडोर सम्हालेका नेताहरू बन्द कोठामा कुर्सीको खेलमा व्यस्त रहेको देखाइएको छ। विशेषगरी आन्दोलनको क्रममा सडकमा छाडिएको रगत लतपतिएको जुत्तालाई भिडियोमा प्रतिकका रूपमा प्रयोग गरिएको छ। भिडियोमा गीतकार महरा जेनजी सहिदको आमाको रुपमा प्रस्तुत भएकी छन्। उनले शहीद भएपछि आमाले भोजेको दुःख महरा मार्फत देखाइएको छ।

भिडियोका परिकल्पनाकार उज्वल जंग शाह हुन्। कार्यक्रममा शाहले आन्दोलनमा ज्यान गुमाउने युवाहरूको सम्मानमा भिडियो निर्माण गरिएको बताए। उनले भिडियो एक ऐतिहासिक दस्तावेज भएको बताउदै शहिदका सपना र वर्तमान व्यवस्थाको अवस्थाबारे आउँदो पुस्तालाई झक्झकाउने बताए।

**साउदीमा रोजगार** | कम्पनी: REMAL ASSWAHEL CONTRACTING AND MAINTENANCE CO. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/११/१५ चलानी नं.: ६०२५३१५० L.T. No.: 339687

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facilities Cleaning Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३८,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन २४ र २५ गते सम्म (8 & 9 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1096/073/074
**Yatra H.R. Solution Pvt. Ltd.**
Old Baneshwor-9, Kathmandu, Tel: 4114682, 4114683
E-mail: info@yatrahrsolution.com, Web.: www.yatrahrsolution.com

**मलेसियामा रोजगार** कम्पनी: EMFORCE SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/११/०५ चलानी नं.: ६०२५२६६६ LT. No.: 339170

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 20 | 0 | स. काममा दक्ष | 1700 | ६३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २५,२६,२७,२८ गते (9,10,11,12 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Tiger Management System Pvt.Ltd.**
श्रम इजाजत पत्र नं.: १७३७/०८१/०८२
Tokha-10, Kathmandu, Nepal. Tel No: 01- 4975097, 9851273902,
Email: info@tigermanagementsystem.com, Website: www.tigermanagementsystem.com

**युएईमा रोजगार** कम्पनी : TALENT POWER EMPLOYMENT SERVICES LLC शहर: UAE
पुर्व स्वीकृत मिति: २०८२/११/१५ चलानी नं.: ६०२५३१०९ LT. No.: 339598

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Engineer - Safety Operation | 1 | 0 | सम्बन्धित काममा दक्ष | 6000 | २,३७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Archive Clerk | 5 | 0 | | 1500 | ५९,२८० | | | | | | | |
| 3. | Electrician. | 30 | 0 | | 1500 | ५९,२८० | | | | | | | |
| 4. | Engineer Hse | 3 | 0 | | 6000 | २,३७,१२० | | | | | | | |
| 5. | Engineer - Performance And Quality | 5 | 0 | | 6000 | २,३७,१२० | | | | | | | |
| 6. | Engineer - Project (Quality Contrac | 5 | 0 | | 6000 | २,३७,१२० | | | | | | | |
| 7. | Engineer - Electrical | 5 | 0 | | 6000 | २,३७,१२० | | | | | | | |
| 8. | Engineer - Design (Civil) | 5 | 0 | | 6000 | २,३७,१२० | | | | | | | |
| 9. | Engineer - Design (Mechanical) | 4 | 0 | | 6000 | २,३७,१२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २४ गते (8 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

## रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**झुम्का, सुनसरी**
**कोशी प्रदेश नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति:२०८२/११/१७**

यस कार्यालयबाट मिति २०८२/१०/१३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना तथा E-Bidding मार्फत बोलपत्र आव्हान गर्दा रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Items | Bidder's Name & Address | Bid Amount (with VAT & PS) |
|---|---|---|---|---|
| 1. | RMY/NCB/ 20/082/083 | Premkala Dhimal Ghar jane Bato Interlock Wada No.08, Jimdartol Interlock Wada No.08, Khawas Tol Bato Starunnati Wada No.08, Ramdhuni 8 Krishi Sadak Marmat Tatha Gravel,Ramdhuni-08 | New Barahakshetra Nirman Sewa, Barahakshetra-04, Sunsari | NRs.24,91,784.84 |

प्रमुख प्रशासकीय अधिकृत

Karnali Provincial Government
## Ministry of Water Resource & Energy Development
